# जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७

मा.उपप्रधान मन्त्रीस्तरबाट मिति ०६७।६।१४ मा स्वीकृत गरीएको

नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालय

काठमाण्डौ उपत्यका नगर विकास समिति

अनामनगर

# नेपाल सरकार
## भौतिक योजना तथा निर्माण मन्त्रालय
## मा.उपप्रधान मन्त्रीस्तरबाट मिति ०६७।६।१४ मा स्वीकृत गरीएको
## "जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७"

नगर विकास ऐन, २०४५ बमोजिम नगर विकास समितिले सञ्चालन गरेका जग्गा विकास आयोजनाहरुमा निर्माण हुने पूर्वाधार संरचनाको स्वामित्व, मर्मत संभार तथा आयोजना भित्रका सामुदायिक प्रयोजनका भवन, स्थल, खुला क्षेत्र वा हरियाली क्षेत्रको स्वामित्व र सो को प्रयोगको स्वरुप, त्यसको सञ्चालन र सञ्चालनको सुपरीवेक्षण, अनुगमन सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले नगर विकास ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले नगर विकास ऐन, २०४५ बमोजिम सञ्चालन गरिएका जग्गा विकास आयोजना सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐन बमोजिम गठित नगर विकास समिति सम्झनु पर्छ ।

(घ) "कार्यान्वयन समिति" भन्नाले मूल समितिले गठन गर्ने अन्य समितिहरु सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापन उपसमिति" भन्नाले प्रत्येक आयोजनामा समितिद्वारा गठित आयोजना व्यवस्थापन उपसमिति सम्झनु पर्छ ।

(च) "स्थानीय निकाय" भन्नाले गाँउ विकास समिति, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका र जिल्ला विकास समिति सम्झनु पर्छ ।

३ **कार्यविधि लागू हुने:** यो कार्यविधि समितिद्वारा ऐन बमोजिम सञ्चालन भएका सबै आयोजनाको हकमा लागू हुनेछ ।

४ **हस्तान्तरण गरिने आयोजना र हस्तान्तरणको निर्णय** : (१) देहायको कुनै अवस्थाको आयोजना यस कार्यविधि बमोजिम हस्तान्तरण गर्नु पर्नेछ :-

(क) ऐनको दफा ३ बमोजिम नेपाल सरकारबाट आयोजना स्वीकृत हुंदा उल्लेख भए बमोजिमका पूर्वाधार तथा सेवा सुविधा निर्माण सम्पन्न भई आयोजनाभित्रका सबै साबिक जग्गाधनी र मोहीहरुलाई विकसित घडेरी फिर्ता गरिसकेपछि, वा

(ख) ऐनको दफा ३ बमोजिम नेपाल सरकारबाट आयोजना स्वीकृत हुंदा उल्लेख भए बमोजिमका पूर्वाधार तथा सेवा सुविधा निर्माण सम्पन्न भईसकेको वा आयोजना भित्रका साबिक जग्गाधनी

:\new 066.67 folder of shreejana 066 4 5\kanun sakha\new 067 hastantaran karyabidhi final doc

र मोहीहरुलाई प्राविधिक कारणले विकसित घडेरी फिर्ता गर्न बाँकी रहेका वाहेकलाई विकसित घडेरी फिर्ता भइसकेको र आयोजना नेपाल सरकारवाट स्वीकृत भएको न्यूनतम पाँच वर्ष भुक्तान भइसकेको भएमा ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्नुपर्ने अवस्थाको आयोजना हस्तान्तरणको लागि सम्बन्धित व्यवस्थापन उपसमितिले हस्तान्तरणको लागि अनुसूचि वमोजिमका विवरणहरु सलग्न गरी समितिमा लेखी पठाउनु पर्नेछ र समितिले स्वीकृतिको निमित्त नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ । कुनै आयोजनामा हस्तान्तणपूर्व नै व्यवस्थापन उपसमिति विघटन भैसकेको भए सो आयोजना सञ्चालन गर्ने निकायले यस बमोजिमको विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम हस्तान्तरणको लागि प्राप्त भएपछि नेपाल सरकारले कुनै थप विवरण पेश गर्न लगाउन वा आयोजना हस्तान्तरण गर्नु पूर्व कुनै कुरा गर्नु पर्ने भए सो गर्न समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) नेपाल सरकारले उपदफा (२) वमोजिम प्राप्त विवरणका आधारमा कुनै आयोजना हस्तान्तरण गर्नुपर्ने देखेमा सो वमोजिम हस्तान्तरणको स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारले स्वीकृति दिएको कुन कुन पूर्वाधार वा सेवा सुविधा कस कसको जिम्मामा गएको वा हस्तान्तरण भएको हो भन्ने व्यहोरा सार्वजनिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरिनेछ ।

(६) उपदफा (५) वमोजिमको सूचना प्रकाशन भएपछि सो आयोजनामा रहेको व्यवस्थापन उपसमिति स्वत: विघटन हुनेछ । यसरी उप-समिति विघटन हुँदा सहयोग समिति वा उपभोक्ता समितिको नाममा रहेको समिति यस कार्यविधि बमोजिम उपभोक्ता समिति गठन नहुञ्जेलसम्म स्वत: यस कार्यविधि बमोजिमको उपभोक्ता समितिमा परिणत हुनेछ ।

५ <u>पूर्वाधार संरचनाको भोगाधिकार</u> : (१) देहायका पूर्वाधार संरचना देहाय बमोजिमका सम्बन्धित निकायको भोगाधिकार रहनेछ :-

(क) सडक - सडकको मापदण्ड बमोजिम सडक विभाग वा नगरपालिका क्षेत्रमा भए सम्बन्धित नगरपालिका र गाउँ विकास क्षेत्रमा भए सम्बन्धित जिल्ला विकास समिति

(ख) ढल - ढल तथा सरसफाई सेवा सञ्चालन गर्ने निकाय वा नगरपालिका क्षेत्रमा भए सम्बन्धित नगरपालिका र गाउँ विकास क्षेत्रमा भए सम्बन्धित जिल्ला विकास समिति

(ग) विद्युत - नेपाल विद्युत प्राधिकरण

(घ) खानेपानी - खानेपानी सेवा सञ्चालन गर्ने सम्बन्धित निकाय

(ङ) टेलिफोन- नेपाल दूर सञ्चार प्राधिकरण

(२) उपदफा (१) बमोजिमका निकायमा भोगाधिकार रहने पूर्वाधार वा सेवा सुविधाको सञ्चालन वा मर्मत सम्भार गर्दा आयोजनाको कुनै किसिमको संलग्नता रहने भए त्यस्तो संलग्नताका सम्बन्धमा त्यसरी जिम्मा लिने निकायसँग सो विषयमा समझदारीपत्र गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (घ) वमोजिमको पूर्वाधार संरचना सोही खण्डमा उल्लिखित निकायको सञ्जाल (नेटवर्क) भित्र नभई आयोजनावाट मात्र खानेपानीको व्यवस्था र वितरण गरेको भए त्यस्तो खानेपानीको व्यवस्थाको जिम्मा उपभोक्ता समितिमा रहनेछ ।

(४) उपदफा (१) वमोजिम वाटोको विवरण उल्लेख गर्दा उक्त वाटोले ओगटेको जग्गा, कित्ता नम्वर समेत उल्लेख गर्नु पर्नेछ ।

(५) दफा ४ वमोजिम आयोजना हस्तान्तरणको सार्वजनिक सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित भएपछि जग्गा रजिष्ट्रेशन गर्ने तथा नाप जाँच गर्ने निकायले वाटो रहेको जग्गालाई वाटोको रुपमा र अन्य सार्वजनिक जग्गालाई सार्वजनिक जग्गाको रुपमा दाखेल खारेज गर्नु पर्नेछ ।

(६) यस दफा वमोजिम जिम्मामा गएका पूर्वाधार संरचनाको मर्मत सम्भार सम्वन्धमा उपदफा (२) वमोजिमको समझदारीपत्रमा कुनै व्यहोरा उल्लेख भएको भए सोही वमोजिम हुनेछ र त्यसरी उल्लेख नभएको भए सम्वन्धित निकायले मात्र वा सम्वन्धित निकाय वा स्थानीय निकाय र उपभोक्ता समितिको साझेदारीमा तिनको मर्मत सम्भार गर्नु पर्नेछ ।

६. <u>हस्तान्तरण गरिने</u> : (१) देहायका सेवा सुविधा, संरचना तथा अन्य सम्पत्तिको उपभोग आयोजना क्षेत्रको स्थानीय उपभोक्ताले सञ्चालन गर्ने गरी हस्तान्तरण गरिनेछ :-

(क) सामुदायिक भवन,
(ख) कुनै पुस्तकालय, वाचनालय, उपचार केन्द्र आदि,
(ग) खुल्ला क्षेत्र, पार्क, खेल मैदान,
(घ) अन्य जुनसुकै प्रकारको सामुदायिक वा सामाजिक संरचना वा क्षेत्र ।

(२) उपदफा (१) वमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पूर्व समिति र उपभोक्ता समितिकाबीच संझौता भएको हुनु पर्नेछ । त्यस्तो संझौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :-

(क) उपभोक्ता समितिलाई हस्तान्तरण हुने सेवा सुविधा, संरचना वा संपत्ति
(ख) त्यस्तो सेवा सुविधा, संरचना वा सम्पत्ति कसरी कुन प्रयोजनको लागि प्रयोग गरिने भन्ने कुरा,
(ग) त्यस्तो संरचनाको प्रयोग गर्न दिए वापत कुनै सेवा शुल्क वा दस्तुर उठाइने भए त्यस्तो सेवा शुल्क वा दस्तूरको दर र उठाउने तरिका,
(घ) सेवा सुविधा, संरचना वा सम्पत्तिको संरक्षण, मर्मत सम्भार सम्वन्धी कुरा,
(ङ) आयोजना हस्तान्तरण हुँदाको वखत निर्माण हुन वाँकी पूर्वाधार वा संरचना निर्माण सम्वन्धी कुरा,
(च) आयोजना हस्तान्तरण हुँदाको वखत आयोजनाको नाममा कुनै ऋण वा दायित्व भए सो को भुक्तानी र नगद भए सो को प्रयोग र संरक्षण सम्वन्धी कुरा ।

(३) उपदफा (२) वमोजिमको संझौताको प्रति आयोजना हस्तान्तरणको स्वीकृतिको निमित्त नेपाल सरकारमा पेश गर्दाका वखत संलग्न गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) वमोजिमका सेवा सुविधा वा संरचना रहेका जग्गाको स्वामित्व समितिको नाममा रहनेछ र उपभोगको अधिकार उपदफा (२) बमोजिमको सम्झौताको अधीनमा रही सम्वन्धित उपभोक्ता समितिको हुनेछ ।

(५) खुल्ला क्षेत्र, पार्क, खेल मैदान आदि जग्गाको स्वामित्व आयोजनाको नामबाट हटाई सार्वजनिक जग्गाको रुपमा दाखिल खारेज गरिनेछ । त्यस्तो जग्गामा बनेका पार्क, मैदान आदिको उपभोग, त्यसको उपभोग गरे बापत कुनै प्रकारको सेवा शुल्क वा दस्तुर लिने, त्यसको मर्मत सम्भार गर्ने अधिकार र दायित्व उपभोक्ता समितिलाई हुनेछ । त्यस्तो अधिकार र दायित्वको बारेमा उपदफा (२) बमोजिमको संझौतामा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम उठेको सेवा शुल्क वा दस्तुरको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक शिर्षकमा खर्च गर्न पाइने छैन ।

(६) आयोजना भित्र कुनै विद्यालय, शिक्षण संस्था आदिको प्रयोजनको लागि जग्गाको व्यवस्था भएको भए सो जग्गा आयोजनाको पूर्व स्वीकृत नीति वमोजिम नै प्रयोग गरिनेछ । उक्त जग्गाको बारेमा आयोजनावाट कुनै स्पष्ट निर्णय नभएको भए सो जग्गा समितिको नाममा कायम गरी त्यसको उपयोग नेपाल सरकारवाट निर्णय भए बमोजिम गरिनेछ ।

७. उपभोक्ता समिति सम्बन्धी व्यवस्था: (१) दफा ६ वमोजिम हस्तान्तरण हुने सामुदायिक प्रयोगका सेवा सुविधा, पूर्वाधार वा सम्पत्तिको उपयोग र मर्मत सम्वन्धी काम गर्न तथा यस कार्यविधि बमोजिमको अन्य काम गर्न आयोजना क्षेत्र भित्रका उपभोक्ताहरुवाट एक उपभोक्ता समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति गठन गर्दा प्रजातान्त्रिक प्रकृयावाट सम्वन्धित स्थानीय निकायको रोहवरमा गर्नु पर्नेछ र सो को जानकारी समिति र सम्वन्धित स्थानीय निकायमा दिनु पर्नेछ ।

(३) उपभोक्ता समितिको गठन प्रचलित कानून वमोजिम गठन भएको हुनु पर्नेछ ।

(४) उपभोक्ता समितिको विधानमा उक्त आयोजना क्षेत्रका एक कित्ता / एक परिवार एक सदस्य हुने गरी जग्गाधनीहरु सो उपभोक्ता समितिको सदस्य हुने, प्रजातान्त्रिक प्रकृयावाट निर्वाचनद्वारा सो उपभोक्ता समितिको सञ्चालक समितिको गठन हुने व्यवस्था हुनु पर्नेछ र सोही बमोजिम सञ्चालन भएको हुनु पर्ने उपभोक्ता समितिको सञ्चालक समितिमा सम्वन्धित गाउँ विकास समितिको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष पदेन सदस्य हुने व्यवस्था हुनु पर्नेछ ।

(५) उपभोक्ता समितिको कार्य सञ्चालन व्यवस्था पारदर्शी हुनु पर्नेछ ।

(६) उपभोक्ता समितिको सदस्यता लिनको लागि कुनै राजनीतिक विचारको आधारमा भेदभाव गरिनु हुँदैन र उपभोक्ता समितिको काम कारवाहीमा राजनीतिक प्रभाव पर्नु हुँदैन ।

८. प्रतिवेदन पेश गर्नु पर्ने: (१) उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सो वर्षभरिमा आयोजना क्षेत्रमा भए गरेका कामको विवरण, आय व्ययको लेखा परीक्षण प्रतिवेदन र अन्य आवश्यक कुराहरु उल्लेख गरी समिति रं सम्बन्धित स्थानीय निकायमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन उपभोक्ता समितिले समितिमा पेश गरेको साठी दिनपछि सार्वजनिक गर्नु पर्नेछ ।

९. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था : (१) समितिले उपभोक्ता समितिले प्रचलित कानून, यस कार्यविधि, संस्थाको विधान र आयोजना हस्तान्तरणको समयमा समितिसंग भएको संझौता वमोजिम काम गरे नगरेको वा

स्थानीय उपभोक्ताको हित अनुरुप काम गरे नगरेको वा संस्थाको काम कारवाहीमा स्वच्छता, पारदर्शिता, आर्थिक अनुशासनको पालन गरे नगरेको विषयमा स्वयं वा आयोजना सञ्चालन गर्ने निकाय वा स्थानीय निकाय मार्फत नियमित अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) अनुगमन वा निरीक्षणको लागि समितिले खटाएको व्यक्तिले जुनसुकै बखत उपभोक्ता समितिको कुनै कागजात हेर्न वा निरीक्षण गर्न सक्नेछ । समितिले खटाएको व्यक्तिलाई त्यस्तो कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(३) समितिले उपभोक्ता समितिको आयोजनासंग सम्बन्धित काम, कर्तव्य र अधिकारसंग सम्बन्धित विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ।

(४) कुनै उपभोक्ता समितिले प्रचलित कानून, यस कार्यविधि, नेपाल सरकार वा समितिको निर्देशन, उपभोक्ता समितिको विधान तथा समितिसंग भएको संम्झौता विपरित काम गरेमा वा आफ्नो कर्तव्यको इमान्दारिता र तदारुकताका साथ पालन नगरेमा समितिले मनासिब समय तोकी सो बमोजिम गर्न उपभोक्ता समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो समयभित्र उपभोक्ता समितिले निर्देशन अनुरुपको काम नगरेमा समितिले मनासिब समय तोकी सो बमोजिम गर्न उपभोक्ता समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो समयभित्र उपभोक्ता समितिले निर्देशन अनुरुपको काम नगरेमा उपभोक्ता समितिसंग भएको संम्झौता तोडिएको मानिनेछ र समितिले उक्त उपभोक्ता समितिलाई सञ्चालन वा व्यवस्थापन गर्न दिएका सेवा सुविधा वा संरचना कब्जामा लिई सम्बन्धित स्थानीय निकायको परामर्शमा सो सेवा सुविधा वा संरचनाको पूर्व निर्धारित उद्देश्य अनुरुप सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. <u>बाँकी विकसित घडेरीको व्यवस्थापन</u> : (१) आयोजना हस्तान्तरण भएपछि आयोजनामा साबिक जग्गाधनी वा मोहीलाई फिर्ता गर्न बाँकी रहेका जग्गाहरुको व्यवस्थापन आयोजना सञ्चालन गर्ने निकायले गर्नेछ ।

(२) बिक्री गर्न बाँकी विकसित घडेरी प्रतिस्पर्धात्मक तरिकाले बिक्री गरिनेछ ।

(३) जग्गाधनी वा मोहीलाई फिर्ता गर्न बाँकी विकसित घडेरी आयोजना सञ्चालन गर्ने निकायले प्रचलित कानून तथा आयोजनाको स्वीकृत नीति अनुसार सम्बन्धित जग्गाधनी वा मोहीलाई फिर्ता गर्नु पर्नेछ ।

११. <u>आयोजनाको आम्दानी खर्चको व्यवस्थापन</u> : (१) हस्तान्तरण हुने आयोजनामा हस्तान्तरण हुँदा वा हस्तान्तरण पछि कुनै आम्दानी भएमा सो को खर्च आयोजना हस्तान्तरण गर्दाका बखत भएको नेपाल सरकारको निर्णय तथा समिति र उपभोक्ता समिति बीच भएको संम्झौताको अधीनमा रही आयोजना सञ्चालन गर्ने निकायले देहायको प्राथमिकताको आधारमा गर्ने गराउनेछ :-

(क) आयोजनाको ऋणको साँवा ब्याज भुक्तान गर्न,

(ख) आयोजनामा पूर्व निर्णय बमोजिम उपलब्ध गराउन बाँकी रहेको सेवा सुविधा उपलब्ध गराउन र निर्माण गर्न बाँकी रहेको निर्माण कार्य गर्न,

(ग) आयोजनामा निर्माण भएको सेवा सुविधा वा सामुदायिक संरचनाको मर्मत सम्भार गर्न ।

(२) आयोजनामा एकभन्दा बढी सेवा सुविधा उपलब्ध गराउन वा कुनै निर्माण कार्य गर्न बाँकी रहेकोमा त्यसको छनौट र प्राथमिकता निर्धारण गर्दा आयोजना सञ्चालन गर्ने निकायले उपभोक्ता समितिको सिफारिशमा गर्नु पर्नेछ ।

(३) आयोजना हस्तान्तरणका बखत सो आयोजनामा उपलब्ध गराउनु पर्ने सेवा सुविधा उपलब्ध गराई वा गर्नु पर्ने निर्माण कार्य गरिसकेपछि कुनै रकम बाँकी रहेमा उपभोक्ता समितिको सिफारिशमा पूर्वाधार

निर्माण, मर्मत सम्भार तथा सञ्चालन गर्ने गरी एक निर्माण, मर्मत संभार तथा सञ्चालन कोष खडा गरी राखिनेछ ।

(४) आयोजना भित्रको जग्गा बिक्री गर्न, बिकसित घडेरी फिर्ता गर्न तथा अन्य कुनै प्रशासनिक कार्य गर्न खर्च हुने रकम यस दफा बमोजिम हुने आम्दानीबाट व्यहोरिनेछ ।

(५) आयोजनामा नेपाल सरकारले प्रत्यक्ष रुपमा छुट्टै कुनै लगानी गरेको भए त्यस्तो लगानीको अंश वा आम्दानीको हिस्सा लिनेछ ।

१२. विविध : (१) आयोजनाको सम्बन्धमा कुनै मुद्दा मामिला परेमा वा मुद्दा मामिला गर्नु परेमा सो को दावी तथा प्रतिवादको व्यवस्था समिति र आयोजना सञ्चालन गर्ने निकायले मिलाउनेछ । त्यसको लागि हुने खर्च उक्त आयोजनाबाट हुने आम्दानीबाट र त्यस्तो आम्दानी नभए समिति र आयोजना सञ्चालन गर्ने निकायबाट व्यहोरिनेछ ।

(२) आयोजनामा खरिद भएका ठूला मेशिनरी औजार, सवारी साधन आयोजना सञ्चालन गर्ने निकायको नाममा हस्तान्तरण गर्नु पर्नेछ । सो बाहेक अन्य प्रकारका उपभोक्ता समितिलाई प्रयोगमा आउन सक्ने वा यस्तै कार्यालय प्रयोजनमा खर्च भएर नजाने सामान समिति र उपभोक्ता समिति वीच भएको संझौतामा उल्लेख भए बमोजिम हुनेछ । संझौतामा उल्लेख नभएको सामान आयोजना सञ्चालन गर्ने निकायमा हस्तान्तरण गर्नु पर्नेछ ।

अनुसूचि

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित )

आयोजना हस्तान्तरण गर्दा भर्नु पर्ने विवरण

(क) आयोजनाको नाम :

(ख) आयोजनाको संक्षिप्त विवरण :-

(१) आयोजनाको उद्देश्य :-

(२) आयोजनाको भौगोलिक तथा प्रशासनिक अवस्थिति :- ( आयोजना रहेको ठाउँको ठेगाना तथा चांर किल्ला, नापी नक्साको अवस्थिति आदि )

(३) साविकमा रहेको आयोजना क्षेत्रको जग्गाको विवरण :-

— साविक कित्ता नापी नक्साको विवरण :-

— कूल क्षेत्रफल :-

— कूल कित्तासंख्या :-

— जग्गाधनी र मोहीको संख्या :-

— भू-उपयोगको अवस्था :- ( कृषि क्षेत्र, घर वा बसोबासले ओगटेको क्षेत्र, खुल्ला क्षेत्र, सार्वजनिक जग्गा, सेवा सुविधाले ओगटेको क्षेत्र आदि )

— उपलब्ध सेवा सुविधाको विवरण :-

(४) आयोजना लागू गर्दा अपनाइएको नीति :- ( घडेरीको विकास गर्ने, फिर्ता गर्ने, सेवा सुविधा उपलब्ध गराउने वा कुनै पनि प्रयोजनको लागि जग्गाको उपयोग गर्ने सम्बन्धमा अपनाइएको मुख्य मुख्य नीति सहित सो सम्बन्धमा नेपाल सरकार वा आयोजना व्यवस्थापन उपसमितिबाट भएका नीतिगत निर्णयहरु जस्तैः योजना गर्ने निर्णय, योजना स्वीकृतिलाई सिलसिलेवार रुपमा उल्लेख गर्ने । )

(५) आयोजना सञ्चालनको व्यवस्थापकीय पक्ष र सम्बन्धित सरोकारवालाहरुको सहभागिताको स्वरुप :- (समिति, व्यवस्थापन उप-समिति, सहयोग समिति, उपभोक्ता समिति, स्थानीय निकाय सबैको उल्लेख गर्ने । )

(६) आयोजनाको प्रशासनिक व्यवस्था :- ( आयोजनामा शुरुदेखि हालसम्म संलग्न कर्मचारी दरवन्दी, हालको दरवन्दीको अवस्था र तिनीहरुको सेवा शर्त सम्बन्धी अवस्थामा व्यवस्था समेत ।)

(७) आयोजनामा हालसम्म भएको कूल खर्च :-

— कूल प्रशासनिक खर्च :-

— कूल निर्माण खर्च :- ( सेवा सुविधा उपलब्ध गराउने प्रयोजनको लागि भएको खर्चलाई संभव भएसम्म सेवा सुविधाको प्रकृति अनुसार उल्लेख गर्ने । )

— कूल पूँजीगत खर्च :- ( आयोजनामा खरिद भएका खर्च भएर नजाने मेशिनरी आदिको खर्च उल्लेख गर्ने । )

(८) आयोजनामा निर्माण भएका सामुदायिक प्रकृतिका संरचना र तिनको भौतिक अवस्था :- ( सामुदायिक भवन वा यस्तै प्रकृतिका सामुदायिक प्रकृतिका भवन, खुल्ला क्षेत्र, पार्क आदिको विवरण विस्तृत रुपमा उल्लेख गर्ने । )

(९) आयोजनाको खर्च जुटाइएको स्रोत :- ( विकसित घडेरी विक्रीबाट प्राप्त आम्दानी, नेपाल सरकार वा मूल समितिबाट कुनै अनुदान प्राप्त भए नभएको कुरा र प्राप्त भएको भए त्यस्तो रकम, ऋण लिएको भए ऋण लिएको संस्था वा निकायगत रुपमा व्याज र ऋण चुक्ताको अवस्था समेत उल्लेख गर्ने । )

(१०) आयोजनाको हालको वित्तीय अवस्था :- ( बचत रहेको वा कुनै किसिमको दायित्व बाँकी भए सो समेत विस्तृत रुपमा उल्लेख गर्ने । )

(११) आयोजनाको जग्गाको हालको अवस्था :-

— कूल क्षेत्रफल,

— भू-उपयोगको हालको अवस्था ( विकसित घडेरी, सेवा सुविधा, सार्वजनिक पार्क खुल्ला क्षेत्र आदिले ओगटेको क्षेत्रफल छुट्टा छुट्टै उल्लेख गर्ने । )

(१२) आयोजनामा वितरण गरिएका विकसित घडेरीहरु :-

— साविकको जंग्गाधनी वा मोहीलाई वितरण गरिएका जम्मा कित्ता संख्या र क्षेत्रफल,

— विक्री गरिएका कित्ता संख्या र जम्मा क्षेत्रफल,

— कुनै सामुदायिक संस्था वा निकायलाई दिइएको भए कित्ता संख्या र क्षेत्रफल,

— हाल विक्री गर्न वा जग्गाधनी वा मोहीलाई फिर्ता गर्न बाँकी रहेका विकसित घडेरीहरु ( कित्ता नं र क्षेत्रफल उल्लेख गर्ने )।

(१३) आयोजनाले विकसित गरेका घडेरीहरुको प्रकृति :

| घडेरीको क्षेत्रफल | संख्या |
|---|---|
| ०-२-२-० | |
| ०-२-२-० भन्दा वढी ०-४-०-० भन्दा कम | |
| ०-४-०-० | |
| ०-४-०-० भन्दा बढी ०-८-०-० सम्म | |
| ०-८-०-० भन्दा वढी १-०-०-० भन्दा कम | |
| १-०-०-० भन्दा बढी | |

(१४) आयोजनाभित्र स्वामित्व नखुलेको वा विकसित घडेरी फिर्ता लिन साबिक जग्गाधनी वा मोहीले सम्पर्क राख्न नआएको कुनै जग्गा भए त्यस्तो जग्गा ।

(१५) आयोजनाको हालको भौतिक अवस्था :- ( सेवा सुविधाको अवस्था )

(१६) आयोजनामा कुनै पूर्वाधार वा सेवा सुविधा उपलब्ध गराउन बाँकी भए सो को विवरण, त्यस्तो पूर्वाधार वा सेवा सुविधा निर्माण गरिने वा नगरिने कुरा र निर्माण गरिने भए कसले निर्माण गर्ने भन्ने कुरा र त्यसका लागि लाग्ने अनुमानित लागत, वित्तीय स्रोत ।

(१७) आयोजनाको नक्सा :-

(१८) आवश्यक अन्य विवरण :-